# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५० ) काठमाडौं, मंसीर १८ गते २०५७ साल ( अतिरिक्ताङ्क ४४ (क)

## भाग ३

### श्री ५ को सरकार
### अर्थ मन्त्रालयको सूचना

श्री ५ को सरकारले मुद्रा ऐन, २०४० को दफा ४ ले दिएको अधिकार प्रयोग गरी St. Xavier's School ललितपुर स्थापनाको ५० औं वर्ष पुगेको उपलक्ष्यमा देहायबमोजिमको डिजाइन, नाप र तौल भएका सिक्काहरू टकमरी गरी निष्काशन गर्न नेपाल राष्ट्र बैंकलाई स्वीकृति दिएकोले यो सूचना प्रकाशन गरेको छ।

**अग्रभाग** : वरिपरि ६४ थोप्लाभित्र श्री श्री चन्द्र, सूर्य, शङ्ख, चक्र, गदा, पद्म र तल्लो भागमा २०५७ रही स्वस्तीक चिह्नभित्र श्री ५ वीरेन्द्र वीर विक्रम शाहदेव र बीचमा त्रिशूल चिह्न रहनेछ।

**पृष्ठ भाग** : वरिपरि ६४ थोप्लाभित्र सबभन्दा माथि अर्ध गोलाकार रुपमा नेपालीमा स्वर्ण महोत्सव बीचमा St. Xavier's स्कूलको लोगो, लोगोको बांयातर्फ नेपालीमा रु. ५० र दायाँतर्फ अंग्रेजीमा RS. 50, लोगोको तल

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८२६

अर्ध गोलाकार रूपमा अंग्रेजीमा ST. XAVIER'S GOLDEN JUBILEE र त्यसको तल अंग्रेजीमा NEPAL, 1951-2001 उल्लेख रहनेछ।

स्पेशिफिकेशन

| | |
|---|---|
| दर | रू. ५० |
| तौल | २० ग्राम+३०० मि. ग्राम |
| व्यास | ३७.७५ मि.मि. |
| धातु | पित्तल |
| सिरेशन | धर्सो नभएको |
| स्तर | हल्का पहेंलो |
| अधिकतम निष्काशन थान | १०,००० |

आज्ञाले,
प्रमोद कुमार कार्की
सह सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार